*Unity Journal*
Vol. III, 350-363, 2022
Doi:https://doi.org/10.3126/unityj.v3i01.43337
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# राष्ट्रियता र सामरिक महत्त्वः एक अन्तरघोलित सम्बन्ध

**बिष्णु प्रसाद पाण्डे**

**लेखसार**

*राष्ट्रको इतिहाससँग राष्ट्रियताको मर्म र भावना गाँसिएको हुन्छ भने राष्ट्रियताभित्र मानिसको इतिहासले निर्माण गरेको आत्मसम्मानसमेत जोडिएको हुन्छ । नागरिकको आत्मसम्मान र स्वाभिमानका साथ राष्ट्रको जन्म, विकास र अन्त्यसमेत हुने गर्दछ । राष्ट्रियता त्यस देशका नागरिकहरूको गौरवपूर्ण इतिहासको प्रतीक पनि हो । इतिहासका कुनै पनि कालखण्डमा पराधीन बन्न नपरेको हाम्रो स्वतन्त्र अस्तित्व नै हाम्रो राष्ट्रियता हो । राज्य एकीकरणको समयदेखि नै दुई ढुङ्गाबिचको तरुलको रूपमा रहेको मान्यता र सोचमा आज परिवर्तन आएको छ । उदयोन्मुख शक्ति राष्ट्रहरू भारत र चीनबिच भूराजनीतिक र सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण अवस्थितिका कारण नेपालमा केवल भारत र चीनसँग मात्र होइन, महाशक्ति राष्ट्र अमेरिकाको पनि सघन कूटनीतिक चासो र बहुआयामिक सामरिक स्वार्थ निरन्तर बढ्दै गइरहेको छ । अब नेपाल दुई ढुङ्गाबिचको तरुल होइन, एसियाका उदयीमान दुई विशाल महाशक्ति र अमेरिका र अन्य मुलुकहरूको बिच स्वाधीनता, शान्ति र समृद्धि नामक शक्ति सन्तुलनको पुल बन्न जरुरी छ । यस पछाडिको कारण भनेको नेपालको राष्ट्रियता र सामरिक महत्त्वका स्थल र सामाग्रीहरू नै हुन् । हाम्रो शान र सौगतले भरिएको गौरवपूर्ण इतिहास अर्थात सामरिक महत्त्वका सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास गर्दै राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्नु आजको चुनौतीको विषय हो । यस आलेखमा द्वितीय स्रोतको माध्यमबाट परिवर्तित राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्दर्भमा उत्पन्न चुनौती र आवश्यकतालाई उच्च प्राथमिकतामा राखी राष्ट्रिय एकता र स्वाभिमानलाई नेपाली सेनाले कसरी अक्षुण्ण राख्न  सक्दछ; भूमिकाको खोजी गरी राष्ट्रियता र सामरिक महत्त्वको अन्तरघोलित सम्बन्ध दर्शाउन खोजिएको छ ।*

**शब्दकुञ्जी**

राष्ट्रियता, आत्मसम्मान, स्वाभिमान, पराधीन, कालखण्ड, सामरिक महत्त्व, दुई ढुङ्गाबिचको तरुल, डाइनामाइट, शान र सौगत, अन्तरघुलिन सम्बन्ध ।

## १. राष्ट्र, राष्ट्रियता, राष्ट्रिय हित र सामरिक महत्त्व

### *१.१ पृष्ठभूमि*

राष्ट्रियता भनेको भूगोल मात्र होइन, हाम्रो कला, संस्कृति र इतिहास पनि हो । यो मानिसको गौरवपूर्ण इतिहासको प्रतीक हो नकी भावनात्मक संवेग मात्र । माटोसँग राष्ट्रियता खोज्दा इतिहास हराउन सक्छ । इतिहासका पानामा मात्र राष्ट्रियता खोज्दा हाम्रो भूगोल, कला र संस्कृतिले हामीलाई गिज्याउन सक्छ । इतिहासको कुनै कालखण्डमा पनि पराधीन बन्न नपरेको नेपाल राष्ट्र र हटी होइन डटी लड्ने स्वाभिमानी नेपालीहरूका लागि राष्ट्र र राष्ट्रियता प्राणभन्दा प्यारो छ । नेपाल राष्ट्र र राष्ट्रियताको मूल मर्म इष्ट इण्डिया कम्पनीसँगको युद्ध होस् वा तिब्बतसँगको युद्ध, यहाँको सामरिक महत्त्वसँग

जोडिएको पाइन्छ । विश्व राजनीतिमा खासै चासोमा नपरेको नेपाल दुई छिमेकी राष्ट्रहरूको महाशक्तिका रूपमा उदीयमान हुने प्रयाससँगै विश्वको एकमात्र महाशक्ति राष्ट्र अमेरिकासमेतको चासोको विषय बनेको छ । यसको कारण नेपालको सामरिक अवस्थिति र महत्त्व नै हो । इतिहासको निर्माण घटनाहरूले गर्छन् र ती घटनाहरू अन्तरनिहित कारणहरूबाट जन्मन्छन् त्यसैले राष्ट्र, राष्ट्रियता र सामरिक महत्त्वको बिच अन्योन्याश्रित सम्बन्ध कायम राख्दै विश्व सम्बन्ध र राजनीतिमा सन्तुलन कायम राख्नु नेपालको लागि चुनौती हुन सक्छ भने शान्ति, विकास र समृद्धिका लागि अवसर पनि हुन सक्छ। प्रस्तुत निवन्धको मूल उद्देश्य राष्ट्रियता र सामरिक महत्त्वबिचको अन्तरघोलित सम्बन्धको पहिचान गर्दै नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही सबै नेपाली जनतालाई राष्ट्रिय एकताको सूत्रमा आबद्ध गर्न नेपालले कस्तो सुरक्षा रणनीति अपनाउनु पर्ला भन्ने नै हो। यस्तो अवस्थामा नेपाली सेनाको भूमिका पनि खोज्ने प्रयास गरिएको छ। निवन्ध लेखनमा खासगरी द्वितीय स्रोत अर्थात ऐतिहासिक दस्ताबेज, पुस्तक, लेखरचना तथा समीक्षाहरूमा आधारित रही व्याख्यात्मक, विवरणात्मक, तुलनात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ। निवन्धलाई जम्मा चार भागमा विभाजन गरी भाग एकमा पृष्ठभूमि र राष्ट्र, राष्ट्रियता, राष्ट्रिय हित र सामरिक महत्त्वविच अन्तरघोलित सम्बन्ध देखाउन खोजिएको छ। भाग दुईमा दुई छिमेकी मुलुक, सुरक्षा र सीमा क्षेत्रमा सीमा विस्तार सम्बन्धी रणनीति र नेपाल लक्षित त्रिकोणात्मक सामरिक द्वन्द्वको विषय, भाग तीनमा नेपालको राष्ट्रिय सुरक्षा र नेपाली सेनाको भूमिका र भाग चारमा राष्ट्रिय सुरक्षा नीतिमा समेटिनु पर्ने विषयहरू सुझावका रूपमा प्रस्तुत गर्दै निष्कर्षसमेत समावेस गरिएको छ।

### *१.२ राष्ट्र, राष्ट्रियता, राष्ट्रिय हित र सामरिक महत्त्व एक अन्तरघोलित सम्बन्ध*

#### *१.२.१ राष्ट्र*

राष्ट्र मानव सभ्यताको प्रारम्भमा मानिसहरूबिच रहेको भाषा, धर्म, संस्कृति, परम्परा, रीतिस्थिति र चालचलनको समष्टिगत एकरूपताका रूपमा उत्पत्ति र विकसित भएको अवधारणा हो। राष्ट्र एउटै राज्यभित्र होस् वा विभिन्न राज्यहरूमा समान गुण, स्वभाव र विशेषता भएका मानिसहरूको सामूहिक समग्रता हो। यो एक जाति भन्दामाथि उठेको सोच र चिन्तन पनि हो। राष्ट्र भनेको जनता, सरकार वा सार्वभौमसत्तासम्पन्न भएको कुनै देश, मुलुक, एकै देशका एउटै संस्कृति तथा अर्थव्यवस्थामा आवद्ध समस्त नागरिक, जनता (पोखरेल, बालकृष्ण र अरू, (२०७७), पृ.१०९८) राष्ट्र मानिसहरूका बिच भावनात्मक, मनोवैज्ञानिक र अध्यात्मिक रूपमा स्थापित सामाजिक, सांस्कृतिक र राजनैतिक समुदाय हो जहाँ समान भाषा, धर्म, वर्ण, संस्कृति, इतिहास, भावना र विचारहरू एउटै भूगोलभित्र प्रस्फुटन र विकसित भएका हुन्छन्। राष्ट्र साच्चिकै पृथ्वीनारायण शाहले भने झैं साझा फूलबारी हो। बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो। (नेपालको संविधान, धारा ३) राष्ट्र व्यक्तिहरू बिचको भावनात्मक एकताको प्रतीक हो जसले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक र भौगोलिक रूपमा समान आकाङ्क्षाहरूको प्रतिनिधित्व गर्दै सांस्कृतिक र भौगोलिक रूपमा व्यक्तिहरूबिच एकात्मकता कायम गर्छ र यसभित्र आवद्ध व्यक्तिहरूलाई स्वअनुशासित र स्वचालित बनाउँदछ।

राष्ट्र जनताको भावनात्मक आस्था हो, जुन सीमाविहीन हुन्छ। साझा इतिहास, आकाङ्क्षा, बुझाइ, भाषा, संस्कृति र एकत्वभाव राष्ट्रका मौलिक विशेषताहरू

हुन् । राष्ट्र  राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् मनोवैज्ञानिक एकताको मेरुदण्ड हो । (दाहाल, (२०५३), पृ. ५७०) राज्य एक राजनीतिक सङ्गठन हो । सार्वभौमसत्ता र नागरिक राज्यशक्तिका स्रोतहरू हुन् । (गोखले, (२००७), पृ. ६८)

### *१.२.२ राष्ट्रियता एकः दृष्टिकोण अनेक*

सामान्य अर्थमा राष्ट्रियतालाई मानिसको भूभागीय पहिचान मान्ने गरिन्छ । राष्ट्रसँगको आफ्नो सम्बन्धलाई केवल एउटा भावनात्मक सम्बन्धमा मात्र बुझ्ने कार्य पनि भूल हुन सक्दछ । राष्ट्रियताभित्र मानिसको इतिहासले निर्माण गरेको आत्मसम्मानसमेत जोडिएको हुन्छ । राष्ट्र त्यसबेला मर्छ, जव उसका नागरिकको आत्मस्वाभिमान मर्दछ । राष्ट्रियता मानिसको गौरवपूर्ण इतिहासको प्रतीक पनि हो, केवल भावना मात्र होइन । नेपाली राष्ट्रियता बेलायती उपनिवेश विरुद्धको लडाइँ र नेपाल राज्यको एकीकरणको इतिहाससँग जोडिन्छ । राष्ट्रियता प्राकृतिक संरचनासँग पनि जोडिन्छ । हाम्रा हिमाल, पहाड र तराईका समथर फाँटहरूका साथै कोसी, गण्डकी र कर्णाली लगायतका नदीनालाहरूको अर्थात प्रकृतिको पूजापाठ गर्ने संस्कार नेपालीहरूको लडाकुपन र स्वाभिमान हाम्रो बेग्लै राष्ट्रियता हो ।

राष्ट्रियता मानिसको इतिहासले निर्माण गरेको सांस्कृतिक पहिचान, माटोसँगको निकटता एवम् गौरवका वस्तुहरूसँग गाँसिएको सामूहिक पहिचान र त्यस पहिचानबाट बनेको आत्मस्वाभिमान वा आत्मसम्मान हो । यो भावना पनि हो र यो यथार्थता पनि हो । यसको अनुभूति हृदयमा हुन्छ, गौरव शिरमा हुन्छ र अभिव्यक्ति संस्कृतिका रूपमा हुन्छ । (संग्रौला, डा. युवराज, (२०७५), निःसङ्कोच अभिव्यक्ति,  पृ. १७८)

व्यक्तिले आफ्नो राष्ट्रबाट प्राप्त गरेका नैसर्गिक गुणहरू अनि उसको अन्तर्मनमा उब्जने राष्ट्रिय विशेषता बोधको अवस्था नै राष्ट्रियता हो । (खनाल, (२०७५।७२ ९), पृ. ६) यो राष्ट्रप्रतिको भावनात्मक लगाव पनि हो । कुनै एक राष्ट्र अर्को राष्ट्रका रूपमा रूपान्तरित हुन सक्छ तर राष्ट्रियता रूपान्तरित हुन सक्दैन । सार्वभौमसत्ता नभएको अवस्थामा राष्ट्रको समाप्ति होस् वा व्यक्तिको मृत्यु राष्ट्रियता जीवित भई रहन्छ । राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना, राष्ट्रप्रेम, राष्ट्रको स्थिति वा आफ्नोपन राष्ट्रियता हो । ( पोखरेल, बालकृष्ण र अरू, (२०७७), बृहत् नेपाली शब्दकोश, पृ. १०९९) राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको विषय राष्ट्रियतासँगको हुन्छ ।

राष्ट्रियता नागरिकको हक हो भने राष्ट्रियता दिने अधिकार सदैव राज्यसँग रहेको हुन्छ । राष्ट्रियता जन्मस्थानका आधारमा निर्माण हुने गर्दछ । नागरिकता व्यक्तिको राष्ट्रियतासहितको परिचयपत्र हो, जसले व्यक्तिको राज्यसँगको नाता उद्घाटन गर्दछ । (युनिटी जर्नल, (२०७७), पृ. २३०)

राष्ट्रियता मानिसको इतिहास, माटो र संस्कृतिसँगको समीपता र त्यसले निर्माण गरेको पहिचान हो । यस पहिचानलाई बिर्सिएर जब मानिस जात, जाति, धर्म र सम्प्रदायका सीमित घेराभित्र प्रवेश गर्छ, त्यहाँ उसले अरूको अधिकारमा हस्तक्षेप गर्न पुग्दछ । राष्ट्रको पहिचानसँग मानिसहरूको स्वाभिमान जोडिएको हुन्छ । स्वाभिमान उसको सभ्यता र अस्तित्वको मनोविज्ञान हो । राष्ट्रियता अति संवेदनशील विषय हो । राष्ट्रियतामा भावनात्मकता बढी भयो भने मानिस अन्धो हुन्छ भने भावनात्मक पक्ष कमजोर हुँदा मानिसले आफ्नो पहिचान बिर्सन पुग्छ । अमूर्त ढङ्गबाट भन्ने हो भने मानिसहरूको आफ्नो राष्ट्रप्रतिको अबोध स्वाभिमानलाई नै राष्ट्रियता भन्न सकिन्छ । यो भावना र यथार्थताको संयोग हो । (संग्रौला, डा. युवराज, (२०७५), निःसङ्कोच अभिव्यक्ति, पृ. १७८) राष्ट्रियता भावनात्मक संवेदनशीलताको विषय भएको कुरा लियो टोल्सटोएको युथू नामक उपन्यासमा चित्रित युथ नामक पात्रले देशका ठुला भनाउँदा मानिसहरू, सेना र ठाउँका बारेमा राखेको जिज्ञासा र जान्न पाएको विषयलाई लिएर रमाएको घटनाले पनि स्पष्ट गर्दछ । राष्ट्रियता आत्मसम्मानका अतिरिक्त मानिसको सांस्कृतिक जीवन

पद्धति पनि हो जुन कुरा विश्वका जुनसुकै देशमा रहे बसेका नेपाली किन नहुन् उनीहरूले नेपाल र नेपाली भएकोमा व्यक्त गरेको गौरवपूर्ण भावनाले स्पष्ट गर्दछ । राष्ट्रियतासँग माटोको इतिहास र समाजको संस्कृति जोडिएको हुन्छ । जब मानिसले माटोको इतिहास र समाजको संस्कृतिलाई बिर्सन पुग्छन् तब राष्ट्रियता खतरामा पर्ने मात्र होइन मर्न पनि सक्दछ ।

राष्ट्र र राष्ट्रियताका विषयमा महामानव बि.पि. कोइरालाको भनाइ अलिक फरक छ । एक प्रसङ्गमा उहाँले देश वा राष्ट्र भनेको भूगोल होइन, माटो होइन त्यो यथार्थमा जनता हो । जनताको अधिकार देशको अधिकार हो । जनताको अधिकार हनन् गर्नु देशको अधिकार हनन् गर्नु हो भन्नु भएको छ । राष्ट्रियताको सन्दर्भमा पहिलो र अन्तिम निर्णय गर्ने तत्त्व जनता नै हो । राष्ट्रियता जनताको सामूहिक भनोभावनालाई लक्षित गर्ने शब्द हो । समय-समयमा प्रकट हुने व्यापक समस्याहरूलाई सामूहिक रूपमा सामाधान गर्नुपर्दा सहजै उत्पन्न हुने एकताको जनभावना नै राष्ट्रियता हो । (गिरी, प्रदीप, (सम्पा. २०६६), विश्वेश्वरप्रसाद कोइराला राजनीतिक अभिलेख, पृ. १७४) राष्ट्रियताको यस परिभाषमा व्यापक समस्या, तिनको समाधानको सामूहिक प्रयत्न र त्यसबाट सहज किसिमले उत्पन्न हुने भावनात्मक एकताको तत्त्व नै राष्ट्रियता हो ।

राष्ट्रियताको सम्बन्ध त्यस देशका जनताहरूको भावनासँग गाँसिएको हुन्छ । जनतालाई बाहिर राखेर राष्ट्रियताको कल्पना गर्न सकिदैन । राष्ट्रियतालाई जनताको सन्दर्भमा नसोची एउटा भूभागको अर्थमा लिन थाल्यौ भने राष्ट्रियता भन्ने शब्दलाई कुनै पनि धूर्त तानाशाह वा राजनीतिज्ञले आफ्नो स्वार्थसिद्ध गर्ने र जनताको अधिकार अपहरण गर्ने हतियार बनाउन सक्दछ । (गिरी, प्रदीप, (सम्पा. २०६६), विश्वेश्वरप्रसाद कोइराला राजनीति अभिलेख, पृ. १७५)

### *१.२.३ राष्ट्रियता र राष्ट्र हितको विषय*

राष्ट्रवादभित्र राष्ट्रियता अन्तरनिहित रहेको हुन्छ । आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरी मान्ने सिद्धान्त वा राष्ट्र र राष्ट्रियताप्रतिको विशेष भक्तिभावना राष्ट्रवाद हो भने राष्ट्रवादको मत राख्ने, राष्ट्रवादसँग सम्बन्ध भएको व्यक्ति राष्ट्रवादी हो (पोखरेल, बालकृष्ण र अरू, (२०७७) बृहत् नेपाली शब्दकोश, पृ.१०९८) राष्ट्रहित राष्ट्रियतासँग अन्तरसम्बन्धित विषय हो । राष्ट्रियताभित्र राष्ट्रहितका विषयहरू समावेश गरिएका हुन्छन् । मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, आफ्ना नागरिकहरूको रक्षा, आफ्नो देशको सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिलाई राष्ट्र हितको विषय बनाउँदै राष्ट्र हित प्रतिकूलको आचरण र कार्य सङ्घीय कानुनबमोजिम दण्डनीय हुने भनेको छ । (नेपालको संविधान, धारा ५०)

### *१.२.४ मानव अधिकारको रूपमा राष्ट्रियता*

मानव परिवारका सबै सदस्यहरूमा अन्तरनिहित प्रतिष्ठा तथा सम्मान र अविच्छिन्न अधिकारको रूपमा लिइएको मानव अधिकारको विषयभित्र राष्ट्रियतालाई समावेश गरिएको पाइन्छ । यो मानव भएका नाताले जन्मनासाथ प्राप्त हुने नैसर्गिक हकको विषय बनेको छ । प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ । कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले निजको राष्ट्रियताबाट वञ्चित गरिने छैन नत राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट नै वञ्चित गरिनेछ । (मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा १५) जात, जाति, लिङ्ग, धर्म, राष्ट्रियता, सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा गरिने कुनै पनि भेदभाव बिना निज नाबालक भएको हैसियतबाट आवश्यक संरक्षणका उपायहरूको अधिकार प्रत्येक बालकलाई परिवार, समाज वा राष्ट्रबाट प्राप्त हुने र प्रत्येक बालकलाई राष्ट्रियता प्राप्त हुने अधिकार हुनेछ । (नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, धारा २४)

अन्तराष्ट्रिय न्यायालयले राष्ट्रियतालाई राजनीति र कानुनी रूपमा व्यक्ति र राज्यलाई आपसमा जोड्ने कडीका रूपमा व्याख्या गरेको छ। (अन्तराष्ट्रिय न्यायालयको विधान, धारा ३१) राष्ट्रियताले नागरिकलाई राज्यको सदस्यको रूपमा अन्तराष्ट्रिय मञ्चमा परिचय गराउँछ भने नागरिकताले आन्तरिक रूपमा व्यक्तिका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हक अधिकारको सिर्जना र संरक्षणको हक प्रदत्त गर्दछ। नेपाल मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ लगायत थुप्रै मानव अधिकारसँग सम्बद्ध अन्तराष्ट्रिय कानुन वा प्रतिज्ञापत्रहरूको पक्ष राष्ट्र बनेको सन्दर्भमा आफू पक्ष राष्ट्र बनेका अन्तराष्ट्रिय कानुनमा भएका व्यवस्था नेपाल कानुनमा समावेश गरी लागू गर्न वा नेपाल कानुन नबनुञ्जेल नेपाल कानुन सरह लागू गर्न बाध्य रहेको अवस्थामा (नेपाल सन्धि ऐन, २०४७ दफा ७) नेपालको संविधान लगायत निर्मित कानुनहरूमा राष्ट्रियतालाई महत्त्वपूर्ण विषयका रूपमा समावेश गरिएको छ। नेपालको संविधानले आफ्ना नागरिकलाई वंशजको आधारमा, अंगीकृत नागरिकका आधारमा, गैरआवासीय नागरिकका आधारमा नागरिकता प्रदान गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपयोग गर्न पाउने व्यवस्था गरेको छ। संविधानले नागरिकतालाई राष्ट्रियताको प्रमाणको रूपमा स्वीकार गर्दै कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने व्यवस्था गरेको छ। (नेपालको संविधान, भाग २ धारा १० र ११)

### *१.३ सामरिक महत्त्व*

युद्ध वा लडाइँसँग सम्बन्धित स्थानलाई (पोखरेल र अरू, (सम्पा., २०४०), पृ. १३३६) सामरिक स्थलका रूपमा अर्थ्याइएको छ। युद्ध वा लडाइँका समयमा प्रयोगमा ल्याइएका गुफा, कन्दरा, डाँडा, पाखा, चुचुरा, घाट, पर्वत र नाका वा थुम्काहरू सामरिक महत्त्वका स्थलहरू हुन् भने युद्ध कालमा प्रयोगमा ल्याइएका र ल्याइने हातहतियारहरू सामरिक हतियारहरू हुन्। सामरिक वा सामरेय भन्ने शब्दले लडाइँ सम्बन्धी वा लडाइँको भन्ने जनाउँछ। सामरिकवाद भनेको त्यो सिद्धान्त हो जसमा राष्ट्रलाई लडाइँ सम्बन्धी कार्यहरू गर्न सेना बढाउनुका साथै हमेसा नयाँ-नयाँ डरलाग्दा विनाशकारी लडाइँका सरसमान आदि बनाउनका लागि विशेष ध्यान दिइएको हुन्छ। (खरेल, डा. अस्वस्थमा भक्त, (२०७७) युनिटी जर्नल, पृ. १६५)

नेपाल एकीकरणको समयमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहले गोर्खाली सेना र नेपाली सेनाकाबिच सहकार्य गर्नुपरेको कारण सामरिक महत्त्व नै हो। सामरिक क्षेत्रले साथ दिएका कारण नेपाल एकीकरण सम्भव भएको थियो भने यसैको कारण नेपाल इतिहासका कनैपनि कालखण्डमा पराधीन बनेको इतिहास पढ्नु परेन। आफ्ना प्रथम सेनापति कालु पाण्डे कीर्तिपुरको लडाइँमा मारिएको घटना (सूचना विभाग, (वि.स. २०७२), पृ. ६४, दोस्रो पटक कीर्तिपुर आक्रमणमा भाइ शुरप्रताप शाहको आँखा फुट्नु र धेरै गोर्खाली सेनाको मृत्युको घटनाबाट (सूचना विभाग, (वि.सं., २०७२) पृ. ६५) पृथ्वीनारायण शाहलाई सामरिक स्थलको महत्त्वको विषयमा जानकारी प्राप्त भएको र तत् पश्चात मात्र युद्धमा विजय प्राप्त गरेको इतिहास छ।

### *१.४ सामरिक स्थलको महत्त्व*

आज युद्ध स्थल, युद्धमा प्रयोग गरिने हतियार र युद्ध कौशल लगायतका सामरिक विषयमा नयाँपन देखिदैछ। विश्वको मानव सभ्यतालाई एकाउन्नौं पटक सम्म नष्ट गर्न सक्ने टिएनटि परमाणु विष्फोटक पदार्थहरूको निर्माण भएका छन्। परम्परागत हातहतियार र युद्ध कौशलले इतिहासलाई जबरजस्ती रूपमा बिर्साउन खोजेको प्रतीत हुन्छ। तथापि हट्ने होइन, डटी लड्ने नेपालीको बानी हुन्छ। कहिल्यै नझुक्ने शिर उभिएको स्वाभिमानी नेपाली हुन्छ भन्ने सान र सौगतका साथ इष्ट इण्डिया कम्पनीसँग लडेको वीर गोर्खाली सेनाको खुकुरीका सामु पराईको तोप र बन्दुकले भोगेको पराजय इतिहासका पानामा अझै ताजै छ। घटनाक्रमलाई हेर्दा पश्चिममा किल्ला काँगडा र पूर्वमा टिष्टा पुग्ने नेपाली सेनाले आफ्नो पराक्रमको विजय ध्वजा सतलज नदी

मात्रै होइन गंगाको तटसम्म र तिब्बतसम्म फहराएको थियो । यो सबै विजयको पछाडि सामरिक स्थलको महत्त्वपूर्ण स्थान रहेको छ ।

नेपालसँग खुल्ला सिमाना भएको भारतले नेपाल र चीनको सीमा छुट्ट्याउने हिमालय क्षेत्रलाई आफ्नो प्राकृतिक सुरक्षा कवचका रूपमा हेर्दै आएको छ । तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले सन् १९५० मा भारतीय संसदमा बोल्दै हिमालले चिरकालदेखि मजबुत सिमानको भूमिका खेलेको र नेपालमा केही नराम्रो भए वा उक्त सिमान तोडिए वा कमजोर पारिए त्यसले भारतका लागि सुरक्षा खतरा निम्त्याउने भनाइ राखेका थिए । (दाहाल, फणिन्द्र, (डिसेम्बर २३, २०१९) सन् १९६२ मा चीनसँगको युद्धमा हार खाए पनि आजसम्म नेपालको कालापानी लिम्पियाधुरा लिपुलेक छाड्न मानेको छैन भने नेपालले पनि लिपुलेक लिम्पियाधुरा समेतलाई समेटेर संविधानमा नै संशोधन गरी नेपालको नक्सा जारी गरी विश्व साम‍ु यो क्षेत्र नेपालको भएको स्पष्ट गरेको छ । चीनले तिब्बततर्फको भूमिको सुरक्षा संवेदनशीलतालाई नेपालसँगको सम्बन्धको मुद्दा बनाइराखेको छ । यसको पछाडिको कारण भनेको सामरिक महत्त्व नै हो । सिआइएसले अमेरिकी विमानमार्फत सन् १९६० को दशकमा खम्पा विद्रोहीका लागि तिब्बत र नेपालको मुस्ताङमा हतियार खसालेको थियो भने नेपालले पनि सन् १९७४ मा खम्पा विद्रोहीलाई निशस्त्र पार्न मुस्ताङमा नेपाली सेनालाई परिचालन गरेको थियो । (दाहाल, फणिन्द्र, (डिसेम्बर २३, २०१९) अहिले नेपाल र नेपालको सामरिक महत्त्वका स्थलहरू उदयोन्मुख दुई छिमेकी महाशक्ति राष्ट्रहरू भारत र चीनको मात्र चासो र सरोकारको विषय बनेको छैन, संयुक्त राज्य अमेरिकाले पनि इण्डो प्यासेफिक रणनीति मार्फत आफ्नो चासो र सरोकार देखाएको छ । (ढकाल, योगेश (सन् २०१९)) व्यास ऋषिको तपोभूमि कालापानी क्षेत्रलाई भारत र चीन दुबैले सामरिक महत्त्व र स्वार्थको केन्द्र बनाएको पाइन्छ भने लिपुलेक पनि अर्को अन्तराष्ट्रिय चासो र सरोकारको क्षेत्र हो । महाकाली नदीको पानी, चीनसँगको व्यापारिक नाका, कैलाश मानसरोवर यात्राका लागि भारतले अझ पनि कालापानी क्षेत्रबाट आफ्नो सेना फिर्ता लैजान आनाकानी गरिरहेको छ । चीनलाई नजिकबाट अँगालो मार्न सक्ने कालापानी क्षेत्रबाट करिब दश कि.मि.को दुरीमा तिब्बत रहेकाले पनि नेपाल आफैमा सामरिक महत्त्वको स्थल हो । यस अर्थमा नेपालले आफ्ना सामरिक स्थलको संरक्षण, संवर्द्धन र विकासमा किञ्चित ढिलाइ गर्नु हुदैन । (खरेल, डा. अस्वस्थमा भक्त (२०७७), युनिटी जर्नल, पृ.१६८)

## २. सुरक्षा स्वार्थ र सामरिक महत्त्व

### *२.१ दुई छिमेकी मुलुक, सुरक्षा स्वार्थ र सामरिक महत्त्वको विषय*

विश्वका उदयोन्मुख दुई शक्ति राष्ट्रहरू चीन र भारतको तीव्र आर्थिक विकास र बढ्दो सामरिक प्रभावबाट अमेरिका लगायत केही पश्चिमा मुलुकहरूले चुनौतीका रूपमा महसुस गरी आफ्नो विदेश नीतिलाई भारत तथा चीन केन्द्रित गर्न पुगेका छन् । एकातिर अमेरिकाको एसिया पिभोटले विश्व सामरिक समीकरणमा परिवर्तन ल्याएको छ भने अर्कोतिर चीन र भारतको महाशक्ति राष्ट्रका रूपमा हुदै गरेको उदयले क्षेत्रीय सामरिक समीकरणलाई प्रभावित बनाएको छ । अमेरिका र भारतले सैन्य तथा कूटनीतिक क्षेत्रमा साझेदारीको रणनीति बनाएर चीनमाथि चुनौती खडा गरेको अनुमान गर्न सकिन्छ । यता चीनले पनि अमेरिका र भारतको सैन्य साझेदारीलाई चुनौती दिन स्ट्रिङ्ग अफ पल्स रणनीति अन्तरगत भारतका छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई सुमधुर बनाउँदै हिन्द महासागरसहित भारतीय उपमहाद्विपमा आफ्नो सामरिक महत्त्व र प्रभाव विस्तार गर्ने रणनीति लिएको पाइन्छ ।

नेपालसँग भारतको १८०० किलोमिटर भन्दा बढी क्षेत्र खुला सिमानाका रूपमा रहेको र १४०० किलोमिटरभन्दा बढी सीमा चीनसँग जोडिएको सन्दर्भमा दुबै मुलुकहरू नेपालबाट कुनै पनि किसिमको राष्ट्रिय सुरक्षा र स्वार्थमा आँच नआओस् भनेर चनाखो पनि रहेका छन् ।

विगतमा नेपाल र भारत तथा चीनबिचको सम्बन्ध आर्थिक विकास र कूटनीतिमा आधारित भएकोमा वर्तमानमा राजनीति र सुरक्षा जस्ता विषय महत्त्वपूर्ण हुन पुगेका छन्। एउटा देशको उच्च अधिकारीको भ्रमण सकिनासाथ अर्को देशले भ्रमण गर्ने वा बोलाउने प्रतिस्पर्धा चल्नुको कारण पनि सामरिक महत्त्व नै हो।

### *२.२ सीमा क्षेत्रमा सीमा विस्तार एक रणनीतिः*

छिमेकी मुलुक भारत र चीनले नेपालको सीमा क्षेत्रमा पूर्वाधार निर्माण र विकासका कामहरू गर्दै स्थानीय जनतासँग सम्बन्ध सुधारको नयाँ रणनीति लिएका छन्। भौगोलिक दृष्टिले कठिन र आर्थिक दृष्टिले महँगो भए पनि भारत र चीन दुबै राष्ट्रले सीमावर्ती क्षेत्रमा रेल तथा सडक विस्तारमा जोड दिएका छन्। उदाहरणका रूपमा विश्वको सबैभन्दा अग्लो भागबाट बग्ने ब्रम्हपुत्र नदीको सबैभन्दा गहिरो खोच र अग्ला पहाड छिचोलेर २५३ कि.मि. लामो ल्हासा-सिगात्से रेलमार्ग चीनले निर्माण गरिसकेको छ भने त्रिशुलीबाट करिव ८४ कि.मि.उत्तरमा पर्ने रसुवागढीलाई तिब्बततिरबाट २२ कि.मि.सडक निर्माण गरी केरुङसँग जोडिसकेको छ। चीनले तातोपानीको लार्चामा रु. १ अर्ब २० करोडको लागतमा सुख्खा बन्दरगाह बनाउँदैछ। रसुवागढी, ओलाङचुङगोला, मुस्ताङ, हुम्लाको यारीलाई अन्तराष्ट्रिय नाकाको रूपमा विस्तार गर्ने सहमती पनि नेपाल सरकारसँग गरिसकेको छ। यता भारतले पनि नेपालको पूर्व-पश्चिम समेट्ने गरी तराईमा १५०० कि.मि. हुलाकी सडक, चारओटा संयुक्त भन्सार, पाँच सीमावर्ती सहर जोड्ने रेल्वे परियोजना जस्ता ठुला लगानीका आयोजनाहरू अगाडि बढाएको छ। (वाग्ले शर्मा, गेजा, (२७ साउन २०७०) हिमाल खबर पत्रिका)

जलस्रोत तथा पर्यटन विशेष गरी विमानस्थल सामरिक दृष्टिले महत्त्वपूर्ण भएकाले यसलाई लक्षित गरी लगानी गर्न दुबै देशको प्रतिस्पर्धा नै चलेको देखिन्छ। चीनको रणनीतिक प्राथमिकतामा पोखरा परेको पाइन्छ भने भारतले सिमरालाई। रणनीतिक दृष्टिले चीनले भारतसँग सीमा जोडिएका लुम्बिनी, नेपालगञ्ज र जनकपुरलाई प्राथमिकताको क्षेत्रमा पारेको पाइन्छ भने भारतले चीनसँग सीमा जोडिएका लोमान्थाङ, ओलाङ् चुङगोला र विश्वको सर्वोच्च शिखर सगरमाथालाई।

एक्काइसौं शताब्दीमा आइपुग्दा विश्व शक्ति केन्द्रहरूमा धेरै परिवर्तन देखा परेका छन्। अमेरिका र सोभियत रुसबिचको शक्ति संघर्ष समाप्त भई नयाँ शक्तिका रूपमा चीन र भारतको उदय हुन पुगेको छ। पिसकोरको नाममा अमेरिकी एजेण्टहरू नेपालमा खटिरहेको भन्ने आशंकाले ग्रसित चीनले दक्षिण एसिया तथा अफ्रिकी मुलुकहरूमा आफ्नो प्रभुत्व विस्तार गर्ने रणनीतिका साथ बाटो सञ्जाल बिआरआईलाई अगाडि बढाएको छ भने अमेरिकाले इण्डो प्यासिफिक रणनीतिलाई अगाडि सारी चीनको प्रभावलाई कम गर्न खोजेको देखिन्छ। परिणामस्वरूप अमेरिका र भारतबिच संयुक्त सैन्य अभ्यास र सैन्य सहयोग आदानप्रदान समेत भइरहेका छन्।

शीतयुद्धको समाप्तिले एक ध्रुवीय विश्व अर्थव्यवस्थाको मालिक बनेको अमेरिकाका लागि नेपाल महत्त्वपूर्ण बन्नुको कारण पनि यहाँको सामरिक महत्त्व नै हो। अहिले विश्व अर्थव्यवस्था पश्चिमा राष्ट्रहरूबाट विस्तारै एसियातर्फ बढेको छ। यसको नेतृत्व चीन र भारतले गरिरहेका छन्। यथार्थमा भन्नु पर्दा मूल नेतृत्व चीनको हातमा रहेको छ। नवउदयोन्मुख शक्ति राष्ट्र चीनले दक्षिण चिनियाँ सागरमा सैनिक महत्त्वको आर्टिफिसियल टापु निर्माण लगायतका कारणबाट अमेरिकाले यसलाई चुनौतीको विषय बनाएको पाइन्छ। अमेरिकी राष्ट्रपति बाराक ओबामाको पालादेखि नै अमेरिकाले आफ्नो विदेश नीति एसिया क्षेत्र केन्द्रित बनाएको तथ्य बुझ्न सकिन्छ। नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको अमेरिका भ्रमणका सन्दर्भमा अमेरिकी अधिकारीहरूले इण्डो प्यासिफिक क्षेत्रका लागि नेपालले केन्द्रीय भूमिका खेल्न सक्ने वाक्यांशले पनि यो कुरालाई संकेत गर्दछ।

विश्वको कूल गार्हस्थ्य उत्पादनमा एसियाको करिब ३६ प्रतिशत हिस्सा रहेको वर्तमान समयमा विश्व अर्थतन्त्र

एसिया केन्द्रित हुँदै जाने अवस्थाको सिर्जना भएको छ जसका कारण अमेरिकाले आफ्नो युरोप केन्द्रित पुरानो नीतिलाई क्रमशः परिवर्तन गर्दै एसिया केन्द्रित बनाउँदै लगेको पाइन्छ । हाम्रो छिमेकी मुलुक चीनले प्रस्ताव गरेको बेल्ट एण्ड रोड इनिसिएटिभमा अर्को छिमेकी मुलुक भारतले सहभागिता जनाएको छैन भने अमेरिकाले यसको प्रतिरोध स्वरूप इण्डो प्यासिफिक परियोजना अगाडि बढाउँदै नेपाललाई समेत सहभागिताका लागि आह्वान गरेको छ जसले नेपालको राजनीतिलाई नै तरङ्गित बनाइरहेको छ । नेपालको सन्दर्भमा भन्ने हो भने यो परियोजना विकास विरुद्ध राष्ट्रियताको विषय बन्न पुगेको छ । यस पछाडिको कारण भनेको नेपालको सामरिक महत्त्व नै हो । यस्तो स्थितिमा नेपालले सफल कूटनीतिक पहल थाल्नु र देखाउनु जरुरी छ । सफल कूटनीतिक पहलले नेपाललाई समृद्धितर्फ लैजान सक्दछ भने त्यसको असफलताले देशले ठुलो मूल्य चुकाउनु पर्ने पनि हुन सक्दछ ।

२०४६ सालको राजनीतिक परिवर्तन पश्चात् नेपालको कूटनीतिक क्षेत्रमा व्यापक परिवर्तन देखा परेको छ । छिमेकी मुलुक भारत र चीनको सीमाभन्दा बाहिर निस्किन नसकेको कूटनीति दुई उदयोन्मुख महाशक्तिका कारण अमेरिकासम्म विस्तार हुन पुगेको छ । यस्तो अवस्थामा भारत र चीनको शक्ति जति बढ्दै जान्छ, त्यही अनुपातमा नेपालको सामरिक रणनीतिक महत्त्व बढ्दै जानु स्वभाविक नै हो । यो नेपालका लागि अवसर र चुनौती दुबै हुन सक्दछ । यस्तो अवस्थामा नेपालको कूटनीति कुनै देश विरुद्धको प्रतिक्रियाका आधारमा होइन, राष्ट्रिय आवश्यकताका आधारमा सञ्चालन गर्नुपर्ने हुन्छ । (प्रधान, सुरेन्द्र, (२०७५ पुस २२), नयाँ पत्रिका दैनिक) आज नेपाललाई एकातर्फ महाशक्ति राष्ट्र बन्ने दिशामा उन्मुख दुई विशाल छिमेकी मुलुकहरूसँग आत्मविश्वासपूर्वक सम्बन्ध विकसित गर्नुपर्ने छ भने अर्कोतर्फ विश्व शक्ति कहलिएका अमेरिका र अन्य मुलुकहरूसँगको शक्ति सन्तुलन कायम राख्नु । अमेरिकी विदेशमन्त्रीको नेपालसँग बृहत् रणनीतिक सहकार्य गर्न चाहन्छौ भन्ने भनाइलाई नेपालले गहनताकासाथ विश्लेषण गर्न जरुरी छ । यस्तो अवस्थामा नेपालसँग शक्ति सन्तुलनका राष्ट्रिय स्वार्थ र हितको आधारमा दुई छिमेकी मुलुक र अमेरिकालाई खुसी पारेर काम लिने रणनीति अपनाउनुभन्दा अरू कुनै विकल्प छैन । यद्यपि नेपालले ठुला र शक्तिशाली राष्ट्रहरूसँग सम्बन्ध विस्तार गर्नुअघि ती राष्ट्रहरूले विश्व राजनीतिमा खेलेको भूमिका र अपनाउँदै आएको रणनीतिको विषयमा गहन अध्ययन र विश्लेषण गर्नु भने जरुरी छ ।

चीन र भारतको बिचमा रहेको नेपालले आफ्नो भूराजनीतिलाई आफ्नो स्वार्थ अनुरूप नयाँ रणनीतिका साथ सञ्चालन गरी दुई छिमेकी मुलुक र अमेरिकासमेतलाई रणनीतिक दवावमा राख्ने प्रयास गर्नुपर्दछ । नेपालले कसैले सहयोगका हातहरू फैलाएको अवस्थामा निश्चित नै स्वागत गर्नुपर्दछ तर त्यसको अर्थ त्यसभित्र लुकेको निहित स्वार्थको ख्याल नहोस् । शक्ति राष्ट्रहरूले प्रदान गर्न खोजेको सहयोगभित्र लुकेको निहित स्वार्थलाई बुझ्न नसकेमा भविष्यमा त्यो नेपालको लागि क्रीडास्थल र रणस्थल पनि बन्न नसक्ला भन्न सकिदैन ।

भूगर्भमा भारतीय र तिब्बतीय प्लेटकाबिच टकराव र घर्षण भएपछि नेपालमा शक्तिशाली भूकम्प आउने प्राकृतिक भौगर्भिक प्रक्रिया भए जस्तै महाशक्ति राष्ट्र अमेरिका र नवउदयोन्मुख दुई छिमेकी राष्ट्रहरूबिच भूराजनीतिक द्वन्द्व तथा सामरिक स्वार्थमा देखिएको वा आउन सक्ने स्वार्थको परिणामस्वरूप शक्तिशाली कम्पन सिर्जना भएपछि नेपाली राजनीतिमा गम्भीर बहसको प्रारम्भ हुनु स्वभाविक नै हुन्छ । (शर्मा, वाग्ले गेजा, (१३ माघ २०७५), अन्नपूर्ण पोष्ट) महाशक्ति तथा उदयोउन्मुख शक्ति राष्ट्रहरूको कूटनीतिक, भूराजनीतिक, सामरिक, आर्थिक तथा व्यापारिक विरोधाभासपूर्ण र जटिल स्वार्थहरूले नेपालको राष्ट्रिय स्वार्थमा कतिसम्मको असर पार्दछ भन्ने विषय गम्भीर महत्त्वको विषय हो । यस्ता विषयहरूमा राष्ट्र र सरकारले आफ्नो नीति र रणनीति बनाउँदा

दलगत स्वार्थभन्दामाथि उठी सम्भावित चुनौतीहरूको वस्तुनिष्ठ मीमांसा गर्नु अपरिहार्य छ यद्यपि नेपालको राष्ट्रियता, सार्वभौमिकता र स्वाभिमानमा कहीँकतैबाट आँच आउन नसकोस् ।

### *२.३ नेपाल लक्षित त्रिकोणात्मक सामरिक द्वन्द्व*

उदयोन्मुख शक्ति राष्ट्रहरू भारत र चीनबिच भूराजनीतिक र सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण अवस्थितिका कारण नेपालमा केवल भारत र चीनसँग मात्र होइन, महाशक्ति राष्ट्र अमेरिकाको पनि सघन कूटनीतिक चासो र बहुआयामिक सामरिक स्वार्थ निरन्तर बढ्दै गइरहेको छ । त्यसैले शक्ति राष्ट्रहरूको उक्त बहुआयामिक चासो र बहुआयामिक सामरिक स्वार्थका कारण नेपालको भूराजनीतिक र सामरिक महत्त्व गुणात्मक रूपमा अभिवृद्धि हुँदै गइरहेको छ । यसको प्रमुख कारण भनेको बिसौँ शताब्दीको अन्त्य तथा एक्काइसौँ शताब्दीको प्रारम्भसँगै विश्व राजनीतिको राजनीतिक, आर्थिक, कूटनीतिक, व्यापारिक तथा सामरिक शक्ति पश्चिमबाट पूर्व र आन्ध्र महासागरबाट प्रशान्त र हिन्द महासागरमा स्थानान्तरण भएको छ । (शर्मा वाग्ले, गेजा, (१३ माघ २०७५), अन्नपूर्ण पोष्ट)

दोस्रो विश्वयुद्ध वा शीतयुद्धपछि विश्व राजनीतिमा व्यापक परिवर्तन आएको छ । एक्काइसौँ शताब्दीको प्रारम्भले नै विश्व राजनीतिमा एसिया विशेष गरी चीन र भारतलाई नयाँ शक्तिका रूपमा उदय गरेको अवस्था छ । विश्व राजनीति नै चीन र भारत केन्द्रित हुन पुगेको नयाँ परिवेशमा नेपालको भूराजनीतिक र सामरिक महत्त्व बढ्नुलाई अन्यथा मान्न मिल्दैन ।

अमेरिका, चीन र भारतको त्रिकोणात्मक आर्थिक, कूटनीतिक र सामरिक आयामको प्रतिस्पर्धाको प्रत्यक्ष असर नेपाललाई पर्ने देखिन्छ जसको पुष्टि अमेरिकी पूर्व विदेशमन्त्री हेनेरी किसिञ्जरको भनाइ र मनसुन र द रिभेञ्ज अफ जियोग्राफी जस्ता विश्व प्रख्यात पुस्तकका लेखक भूराजनीतिक मामिलाविद् रोवर्ट डी काप्लानको विचार र निष्कर्षले पनि पुष्टि गर्दछ । शक्ति राष्टहरूले घोषित तथा अघोषित रूपमा सञ्चालनमा ल्याएका यसप्रकारका कूटनीतिक, सामरिक तथा आर्थिक प्रतिस्पर्धाले कतिपय समय र सन्दर्भमा नेपालमा प्रोक्सी वार छायाँ युद्ध नै सञ्चालन हुने खतरा नदेखिएको पनि होइन । अमेरिका, चीन र भारतले आर्थिक, कूटनीतिक र सामरिक प्रतिस्पर्धामा आफूलाई उच्चतम प्रमाणित गर्ने महत्त्वकाङ्क्षा साथ तयार गरेको रणनीतिमा नेपालले शक्तिसन्तुलनको सिद्धान्तलाई ख्याल गरी सामरिक तथा रणनीतिक योजना बनाइ कार्यान्वयनमा ल्याउन जरुरी छ । नेपालले राष्ट्रिय स्वार्थ र हितलाई सर्वोपरी ठानी शक्तिराष्ट्रहरूको सामरिक स्वार्थको खुल्ला खेल मैदानका रूपमा परिणत हुन सक्नेछ र परिणामस्वरूप हामीलाई इतिहासले क्षमा दिने छैन ।

नेपाल आदिकालदेखि प्रत्यक्ष रूपमा औपनिवेशमा नपरेको सार्वभौमसत्ता सम्पन्न, प्राकृतिक सम्पदाबाट भरि पूर्ण विश्वको सबैभन्दा अग्लो हिमशिखर सगरमाथाको देश हो । बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक रूपमा सुसंस्कृत राष्ट्र नेपाल पूर्वमा टिष्टा, पश्चिममा सतलज नदी, काँगडा, उत्तरमा तिब्बत र दक्षिणमा गंगाको मैदानसम्म फैलिएको विशाल नेपाल थियो । सन् १८१६ र १८६० को इष्ट इण्डिया कम्पनी ब्रिटिस साम्राज्यसँगको सन्धिपछि साँगुरिनु परेको नेपालको सिमाना आज मेचीदेखि महाकाली र हिमालदेखि तराई मधेससम्म सीमित हुन पुगेको सन्दर्भमा नेपालको राष्ट्रिय हित र सामरिक सुरक्षाको विषय गम्भीर बन्दै गएको छ ।

अन्तराष्ट्रिय राजनीतिमा राष्ट्रिय हित अति प्राचीन विषयवस्तुका रूपमा रहेको छ । प्राचीन राज्यहरूमा राजाको इच्छा वा राजवंशको हितको विषय नै राष्ट्रिय हितका विषय बन्दथे भने आधुनिक युगमा शासकको हित र स्वार्थभन्दा बेग्लै राष्ट्र र सम्बन्धित राष्ट्रका जनताहरूको सामूहिक स्वार्थ हो ।

सामान्यतः राष्ट्रिय हित र स्वार्थ राजनीतिक शब्दावली जस्तो देखिन्छ तथापि यो राष्ट्रियतासँग गाँसिएको दर्शन हो । कुनै पनि राजनीतिक प्रणालीले राष्ट्रिय हितलाई

उपेक्षा गर्न सक्दैन किनकी राष्ट्रिय हितलाई राष्ट्रियताको जग मान्ने गरिन्छ । राष्ट्रियता कमजोर भयो भने राष्ट्र र जनता दुबै कमजोर हुन जान्छन् । राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा अस्थिरता पैदा हुन्छ परिणामस्वरूप समग्र देश नै असफल राष्ट्रको रूपमा परिणत हुन्छ । कुनै पनि राष्ट्रको राष्ट्रिय हित वा स्वार्थको उद्देश्यभित्र भौतिक पहिचानको रक्षा, राजनीतिक पहिचानको रक्षा र सांस्कृतिक पहिचानको रक्षा जस्ता विषयहरू पर्दछन् जसले समग्रमा राष्ट्रियताको रक्षा गर्छ ।

नेपालको भौगोलिक सीमा र अखण्डताको रक्षा, शान्ति सुव्यवस्था, गणतन्त्र र लोकतन्त्रको संरक्षण र सम्वर्द्धन, अन्तराष्ट्रिय जगत्मा स्वतन्त्रता र स्वाभिमानको रक्षा, राष्ट्रिय सम्मानको अभिवृद्धि, राष्ट्रिय सुरक्षा, सामाजिक सम्मान र सामञ्जस्यता, राजनीतिक स्थायित्व, विश्व शान्तिको स्थापना, गरिबी उन्मूलन र विभेदरहित समाजको निर्माण नै नेपालको राष्ट्र हित र राष्ट्रियताका पहिचानहरू हुन् ।

## ३. राष्ट्रिय सुरक्षा र नेपाली सेनाको भूमिका

### *३.१ राष्ट्रिय सुरक्षा र नेपाली सेना*

राष्ट्रको आफ्नो संस्कार र मौलिक जीवन पद्धतिलाई टेवा दिन आवश्यक आधारभूत मूल्य र मान्यतामा आधारित राष्ट्रिय आकाङ्क्षा र अति महत्त्वपूर्ण राष्ट्रिय हित र सरोकारका विषयलाई बाह्य र आन्तरिक दवाव र चुनौतीबाट सुरक्षित गर्दै संवर्द्धन र प्रवर्द्धन गर्नु नै राष्ट्रिय सुरक्षा हो । यसले देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताको रक्षा देशको आर्थिक, राजनीतिक, सांस्कृतिक र वातावरणीय पक्षको सुरक्षा गर्नुको साथै समाज र प्रत्येक नागरिकको मौलिक हकहितको सुरक्षालाई समेत समेटेको हुन्छ ।

कुनै पनि मुलुकको राष्ट्रिय सुरक्षामा आन्तरिक र बाह्य तत्त्वहरू खतराका रूपमा रहेको हुन्छन् । नेपाल पनि यसबाट अछुतो रहन सक्दैन । आन्तरिक तथा बाह्य राष्ट्रिय सुरक्षामा विभिन्न अन्तराष्ट्रिय, प्रादेशिक तथा आन्तरिक सुरक्षा व्यवस्थाले भूमिका खेलिरहेका हुन्छन् । वर्तमान समयमा नेपालको अस्थिर राजनीति, आर्थिक असमानता, ऊर्जा सङ्कट, खुला अन्तराष्ट्रिय सिमाना, अन्तरदेशीय अपराध, पर्यावरणीय ह्रास, प्राकृतिक तथा मानव निर्मित प्रकोप, स्रोत र साधनको असमान तथा असन्तुलित वितरण, शरणार्थी समस्या, सीमा विवाद र बाह्य हस्तक्षेप जस्ता मुलुकका आन्तरिक तथा बाह्य चुनौतीहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्ने गरी राष्ट्रिय सुरक्षाको संरचना, नीति तथा रणनीतिहरूको निर्माण तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

लामो समयदेखि चल्दै आएको सामाजिक अभ्यास र दीर्घकालीन आवश्यकताबाट मार्ग निर्देशित राष्ट्रिय सुरक्षाको प्रमुख अङ्ग हो सेना । नेपाल एकीकरणको आरम्भकालदेखि स्थापना भएको नेपाली सेना विकास र रूपान्तरणका विभिन्न कालखण्डहरू पार गर्दै राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ताको रक्षा, राष्ट्रिय एकता र भौगोलिक अखण्डता कायम गर्न अद्वितीय भूमिका खेली निरन्तरता र परिवर्तनको विशिष्ट संयोजनबाट मार्गनिर्देशित हुँदै आएको छ । ऐतिहासिक गौरव र विरासत बोकेको नेपाली सेना नेपालको साझा राष्ट्रिय शक्ति हो । स्थापनाकालदेखि नै नेपाली सेनाको व्यावसायिक चरित्र, राष्ट्र र जनताप्रतिको बफादारिता तथा राष्ट्रिय हितको संरक्षणमा यसले प्रदर्शन गर्दै आएको कटिबद्धता सदैव अटल र अविचलित रहदै आएको छ । ऐतिहासिक निरन्तरता र विरासतको सङ्गठन हुँदाहुँदै पनि इतिहासका विभिन्न कालखण्डमा सिर्जित घटना, परिघटना तथा परिवर्तनहरूले संस्थाको गति, निरन्तरता र सोचलाई प्रभाव पार्ने गर्दछन् र पारेका पनि छन् । नेपाली सेना समाजकै साझा अङ्ग भएको र संस्थाभित्रका सदस्यहरू समाजकै सदस्यहरू भएका कारण बुझाई, धारणा र अपेक्षा सामाजिक चित्र देखिनु स्वभाविक नै हो । नेपाली सेना अहिले रूपान्तरणको नवीन यात्रामा रहेको छ । यसले आफ्ना प्राथमिकता, सोच, व्यवहार, संस्कार, सङ्गठनात्मक स्वरूप, सैनिक क्षमता, स्रोत साधनको विकास तथा आधुनीकिकरण, पारदर्शिता, अवसरहरूको सिर्जना र वितरणमा फरक

सोच र कार्यदिशा अँगाल्दै एक नमुना सेना (Modal Armey) खडा गर्ने दिशामा निरन्तर अगाडि बढी रहेको पाइन्छ । (सिपाही, (२०७७))

सेनाहरू बर्दीका सिपाहीहरू हुन् भने जनता बिना बर्दीका सिपाही । सुरक्षाफौजका लागि जनता बिना तलबका सुराकीहरूले मुगल साम्राज्यका बेला भिमफेदीसम्म आइपुग्दा होस् वा सिन्धुलीगढीमा अंग्रेजसँगको युद्ध हुँदा होस् जनबलले नै ठुलो मद्दत गरेको थियो । जनबल भनेको नागरिक बल हो । नागरिक बल धनबलभन्दा बलियो हुन्छ । ( अधिकारी, द्वारिका कुमारी (२०७७), युनिटी जर्नल, पृ. १८६)

### *३.२ नेपाली सेनाको गठन सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था*

नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्लाई सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा प्रधान सेनापति, नेपाली सेनासमेत सदस्य रहने गरी राष्ट्रिय सुरक्षा परिपद् गठन हुने व्यवस्था छ। (नेपालको संविधान, भाग २८, धारा २६६) संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने, राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने, नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुन बमोजिम सुनिश्चित गरिने, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर संकट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषदको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालनको घोषणा हुने व्यवस्था गरेको छ । (नेपालको संविधान, भाग २८, धारा २६७)

### *३.३ सुरक्षा सम्बन्धी रणनीति र नेपाली सेनाको भूमिका*

नागरिकहरूमा जबसम्म राष्ट्रिय सुरक्षा सवालमा समान बुझाई र अपनत्वको विकास गर्न सकिदैंन तबसम्म राष्ट्रिय सुरक्षा चुनौती रहिरहन्छ । राष्ट्रको स्वतन्त्रता, भौगोलिक अखण्डता, स्वाधीनता र भाषिक, जातीय र सांस्कृतिक विविधतालाई राष्ट्रिय एकताको आधार मानी देशव्यापी रूपमा रचनात्मक बहस गराइ राष्ट्रिय सुरक्षा नीतिप्रति सबै नेपालीको अपनत्व कायम गराउन आवश्यक देखिन्छ ।

नेपाल जस्तो जटिल भौगोलिक अवस्थिति र सामरिक महत्त्व बोकेको मुलुकका लागि भाषिक, जातीय र सांस्कृतिक विविधतालाई राष्ट्रिय एकताको आधार मानी संविधानले निर्दिष्ट गरे बमोजिम राष्ट्रको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनतालाई अक्षुण्ण राख्ने गरी राष्ट्रिय सुरक्षा नीति निर्माण गर्नु पर्ने देखिन्छ । यसका लागि हामीमा यदाकदा अझसम्म देखापर्ने आन्तरिक वर्गीय, जातीय, लैङ्गिक, धार्मिक, भाषिक र क्षेत्रीय विभेद, शासन सञ्चालनको क्रममा देखिएका अनियमितता, भ्रष्टाचार, राज्यका हरेक क्षेत्रमा देखा पर्ने चरम विकृति, विसंगती र राजनीतिकरण जस्ता चुनौतीका रूपमा देखा पर्ने विषयहरूलाई संवोधन गर्न भने जरुरी देखिन्छ । संविधानले निर्देश गरे बमोजिम राष्ट्रिय सुरक्षा नीतिको मूल उद्देश्य भनेको मुलुकको राष्ट्रिय हित र स्वार्थको संरक्षण र प्रवर्द्धन गर्नु नै हो । (नेपालको संविधान, धारा ५, २६६, २६७)

संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यवद्धता कायम गरी सङ्घीय एकाइबिच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानव

सुरक्षाको व्यवस्था गर्ने, राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने, राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने, पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सिप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने भन्ने व्यवस्थासहित राष्ट्रिय एकता र सुरक्षा सम्बन्धी नीति अख्तियार गरेको छ । (नेपालको संविधान, धारा ५१)

मुलुकको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्ने, मुलुकको समग्र हित र सुरक्षा लगायतका अन्य विषयमा नेपाली सेनाको परिचालन, नेपाली सेनालाई राष्ट्रिय महत्त्वका कुनै स्थान, परियोजना वा सम्पदाको सुरक्षाका लागि आवश्यकता अनुसार परिचालन गर्ने, सुरक्षा निकायका लागि चाहिने हातहतियार, उपकरण र तिनीहरूको मापदण्ड सम्बन्धी नीति गर्जुमा गर्ने सम्बन्धमा सुरक्षा परिपद्को सदस्य भएको हैसियतले नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी र भूमिका (राष्ट्रिय सुरक्षा परिषद ऐन, २०७५) पाएको नेपाली सेनाले नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डतालाई अक्षुण्ण राखी राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन गर्ने भूमिका खेली रहेको रहेको छ र खेल्नु पनि पर्दछ ।

सन् १९६० को दशकदेखि नेपालको आन्तरिक रणनीतिसँग बाह्य रणनीतिहरू मन्द विषका रूपमा अन्तरघुलिन भई आइरहेको अवस्था देखिन्छ जसले नेपालको आन्तरिक संरचनालाई ध्वंस पार्ने खतरा देखिदैछ । राष्ट्रिय सुरक्षा र संवेदनशील विषयमा पनि राज्य संरचनाका सबै अङ्गहरू, प्राज्ञिक क्षेत्र, मानव अधिकार क्षेत्र, नागरिक समाज, राजनीतिक दल, कूटनीतिक क्षेत्रमा मत विभिन्नता देखा पर्न गएको आभास हुन्छ । यस्तो अवस्थामा यी विषयवस्तुलाई मध्यनजर राखी नेपालले प्रभावकारी सुरक्षा रणनीति अवलम्बन नगर्ने हो भने बिना कुनै रक्तपात नेपाली समाज र नागरिकलाई प्रयोग गरी बाह्य योजना र रणनीति सफल हुन पुग्छ । यस्तो अवस्थामा हामी सुन्दर र शान्त नेपालका विकास र समृद्धिको चाहनालाई पर्खि राखेका आशातीत काकाकुल नागरिक भन्दा फरक हुने छैनौ ।

राष्ट्रिय एकता भङ्ग भयो भने भौगोलिक अखण्डता खण्ड-खण्ड हुन पुग्दछ। राष्ट्रिय एकता नै हाम्रो राष्ट्रलाई सुरक्षित राख्ने आधार हो । जतिखेर राष्ट्रको भौगोलिक अखण्डता टुट्छ, त्यतिखेर राष्ट्रिय एकता पनि टुट्न पुग्दछ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको "पारिन्छ सत्ता जब खण्ड-खण्ड, रहन्छ के त्यहाँ राष्ट्र अखण्ड ? थुतिन्छ पत्ता जब खात खात, सिद्धिन्छ शोभा अनि फूलबाट" (घिमिरे, माधवप्रसाद, (२०७३), पृ. २९) भन्ने अभिव्यक्तिले राष्ट्र, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सामरिक महत्त्वमाथि प्रकाश पारेको छ ।

## ४. सुझाव र निष्कर्ष

### *४.१ राष्ट्रिय सुरक्षा नीतिमा समेटिनु पर्ने विषयहरू*

- नेपालको राष्ट्रियता र सामरिक महत्त्वको जगेर्ना गर्ने सन्दर्भमा राष्ट्रिय सुरक्षा नीतिमा देहायका विषयहरू समेट्न सकिएमा अझ प्रभावकारी हुन सक्ने देखिन्छः

- राष्ट्रिय सुरक्षा नीतिलाई आर्थिक, सैनिक, वातावरणीय, विकास कूटनीतिको अभिन्न अङ्ग बनाइनु उपयुक्त हुने;

- राष्ट्रिय सुरक्षा नीतिले संवैधानिक प्रावधान अनुरूप नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, सीमा सुरक्षा, आर्थिक समुन्नति र नेपाली नागरिकको हक हितको रक्षा जस्ता राष्ट्रिय हितका विषयको अलवा स्पेश सुरक्षा, मानवीय सुरक्षा जस्ता विषयलाई पनि समेटिनु पर्ने;

● आम नागरिकमा राष्ट्र, राष्ट्रियता, राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, सीमा सुरक्षा, आर्थिक समुन्नति र नेपाली नागरिकको हक हितको रक्षा र मुलुकको सामरिक अवस्था र महत्त्व जस्ता राष्ट्रिय हितका विषयमा बुझाइमा एकरूपता कायम गरी राष्ट्रिय गौरव, स्वाभिमान र अपनत्व कायम गर्नु उपयुक्त हुने;

● नेपालको राष्ट्रियता र राष्ट्रिय सुरक्षा जस्ता विषय सदैव बाह्य तथा आन्तरिक स्वार्थसँग गाँसिएका गम्भीर संवेदनशील विषय भएकाले यसको अध्ययन, अनुसन्धानका लागि प्राज्ञिक र वैचारिक (थिंक ट्याङ्क) संस्थाको व्यवस्था गर्ने;

● नेपालमा राष्ट्र, राष्ट्रियता र सामरिक महत्त्व लगायतका Strategic Study का विषयमा खासै अध्ययन अनुसन्धान हुने गरेको पाइदैन । अनुसन्धान भए पनि व्यक्तिगत स्वार्थ र हितको विषय बन्न जाने सन्दर्भमा विश्व विद्यालय स्तरमा नै Strategic Study लाई अध्ययन र अनुसन्धानको विषय बनाइनु पर्ने;

● देशको सिमाना शान्ति सुरक्षासँग प्रत्यक्ष जोडिने विषय भएकाले नेपालको अन्तराष्ट्रिय सीमा व्यवस्थित गर्न हालसम्म देखिएका जटिलता र समाधानका विकल्पबारे सम्बन्धित क्षेत्रका ज्ञाता र सरोकारवाला मन्त्रालयका प्रतिनिधि र सीमा क्षेत्रका नागरिक प्रतिनिधिहरूसहितको संरचना बनाई यसको परामर्शमा सरकारले सीमा व्यवस्थापन गर्न उपयुक्त हुने (नागरिक दैनिक, (११ भाद्र २०७८));

● २०७२ सालको भूकम्पले हामीलाई पाठ सिकाएको छ। विपद् व्यवस्थापनमा सहयोग गर्ने नाममा केही विदेशी मुलुक र संघसंस्थाहरूले नेपालको राष्ट्रिय सुरक्षा र सामरिक महत्त्वका विषयहरूलाई खलल् पार्नेसम्मका गतिविधिहरू गरेको देखियो । विपद् व्यवस्थापनको त्यस समयमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल र जनपथ प्रहरीले खेलेको भूमिका विश्वभर प्रशंसनीय नै रहयो । यस्तो अवस्थामा हाम्रा सुरक्षा निकायहरूको आन्तरिक क्षमता विकासमा जोड दिइ बाह्य सहयोग लिने वा नलिने भन्ने विषयमा गम्भीर बन्न पर्ने देखिन्छ, नत्र हामीसँग "नरहेगा बाँसुरी, नरहेगा साँप" भन्ने हिन्दी उखान भन्दा अरू केही नरहन सक्छ ।

### ४.२ *निष्कर्ष*

राष्ट्र, राष्ट्रियता र सामरिक महत्त्व एक बहुआयामिक र संवेदनशील विषय हुन् । यसभित्र मुलुकको प्रतिरक्षा मात्र होइन, राजनीतिक, आर्थिक, सामाजिक तथा मानवीय सुरक्षा समेत पर्दछ। मुलुकको सुरक्षालाई हेर्ने दृष्टिकोणमा व्यक्तिपिच्छे फरकपना हुनसक्छ तर निष्कर्षमा भने एकरूपता हुनुपर्छ। नेपालको दुई ढुङ्गाबिचको तरुलको महत्त्व वा सामरिक महत्त्वको विषय दुई छिमेकी मुलुकको झगडामा होइन बरु उन्नति र प्रगतिमा ज्यादा छ। जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार लगायतका संविधानवादका मूल्य र मान्यतालाई पूर्णरूपमा आत्मसात् गर्दै समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माणको महाअभियानमा रहेको हाम्रो जस्तो मुलुकमा आर्थिक उदारीकरण र विश्वव्यापीकरणको प्रभाव पर्नु स्वभाविक हो । यस्तो अवस्थामा नेपालले नवउदयोन्मुख दुई छिमेकी महाशक्ति राष्ट्रहरूसँग मात्र होइन, आफ्नो रणनीतिक तथा सामरिक भूमिका एसियाली मुलुकहरूमा विस्तार गरिरहेका अमेरिका र युरोपियन मुलुकहरूसँगको सम्बन्धमा पनि शान्ति, समृद्धि र विकास नामक शक्तिसन्तुलनको पुलको रूपमा भूमिका खेल्नु पर्ने हुन्छ । महाशक्ति तथा नवउदीयमान शक्ति राष्ट्रहरूका कूटनीतिक, भूराजनीतिक, सामरिक, आर्थिक, राजनीतिक स्वार्थहरू विरोधाभासपूर्ण, पेचिलो र जटिल प्रकृतिका हुन सक्छन् यस्तो अवस्थामा राष्ट्र, राष्ट्रियता र सामरिक महत्त्वको विषयलाई चट्टानी

गौरवको विषय ठानी नेपाललाई कसैको प्रयोगशाला बन्नुबाट बचाउनु आजको आवश्यकता हो । यो राष्ट्रिय कार्यभार पूरा गर्ने क्षमता जर्मन सम्राट विलियम्सले भनेझै जसको नाम सुन्नासाथ मुटु पनि झस्कन्छ, त्यही नेपालको भौगोलिक परिस्थिति र यहाँको रनवनसँग लुकामारी खेलेका नेपाली सपुतहरू अर्थात नेपाली सेनाहरूसँग मात्र छ ।

**सन्दर्भ सामग्री सूची**


अन्तराष्ट्रिय न्यायालयको विधान, धारा ३१

खनाल, कृष्ण (२०७५।७।२९) राष्ट्रवाद की देशभक्ति, कान्तिपुर, पृ.६

खरेल, डा. अस्वस्थामा भक्त (२०७७), राष्ट्रहितमा सामरिक महत्त्वको सान्दर्भिकता, युनिटी जर्नल, पृ.१६८

गिरी, प्रदिप (सम्पा. २०६६), विश्वेश्वरप्रसाद कोइराला राजनीतिक अभिलेख, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं

गोखले, वि.के., (२००७) पोलटिकल साइन्स, मुम्बई हिमालयन पब्लिशिङ्ग हाउस ।

ढकाल, योगेश, (नोभेम्वर १३, २०१९) कालापानीमा भारतको सामरिक स्वार्थ

दाहाल, फणिन्द्र, (डिसेम्बर २३, २०१९), हिमालयन क्षेत्रका अमेरिकाः सामरिक प्रतिस्पर्धा मात्रै कि सहकार्य पनि? Retrieved from httpsm://www.bbc.com/nepali/news-46657733, on November 22, 2019

दाहाल, रामकुमार, राजनीति शास्त्रका सिद्धान्त, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, २०५२

प्रधान, सुरेन्द्र, २०७५ पुस २२, नयाँ पत्रिका दैनिक, nayapatrikadaiy.com/news-details/2284/2019-01-06

नागरिक राष्ट्रिय दैनिक, ११ भदौ, २०७८

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९७७, धारा २४

नेपाल सन्धि ऐन, २०४७ दफा ७

पोखरेल, बलकृष्ण र अरू (२०४०), बृहत् नेपाली शब्दकोश, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

ऐ.ऐ. (२०७७)

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, धारा १५

युनिटी जर्नल, (२०७७), पृ. २३०

राष्ट्रिय सुरक्षा परिषद ऐन, २०७५

वाग्ले शर्मा, गेजा, (२७ साउन २०५० र १३ माघ २०७५) अन्नपूर्ण पोष्ट, https://annapurnapost.com/com/news/118807

सिपाही, (२०७७), जनसम्पर्क तथा सूचना निर्देशनालय, जङ्गी अड्डा, काठमाडौं

सूचना विभाग, (२०७२), नेपाल परिचय, काठमाडौं

संग्रौला, डा. युवराज, (२०७५), निःसङ्कोच अभिव्यक्ति, पृ. १७८